स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठनको

विधान २०७८

प्रस्तावना :

नेपालभरी संचालन हुने **गार्मेन्ट** सम्बन्धी श्रमिक भई काम गर्दै आएका श्रमिकहरुको हकहितको संरक्षण र सम्वर्द्धन गर्न राजनीतिक, भाषिक, जातीय तथा लैङ्गिक भेदभाव रहित केन्द्रीय स्तरको स्वतन्त्र पेशागत संस्था स्थापना गर्नुपर्ने अपरिहार्यतालाई महशुस गरि मुलुकभरिका **गार्मेन्ट**सँग सम्बन्धिमा रोजगारी भई काम गर्ने श्रमिकहरुलाई संगठित गरी उनीहरुको हकहित संरक्षण तथा पेशागत मर्यादा कायम गर्न यस **स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन**को स्थापनाको निम्ति यो विधान जारी गरिएको छ ।

परिच्छेद -१

१.संक्षिप्त नाम र प्रारम्भ :

क) यस विधानको नाम **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"** को विधान २०७८ रहनेछ ।

ख) यस विधान **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"**को विधान संगठन दर्ता भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) **"विधान"** भन्नाले **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"** लाई बुझाउँदछ ।

ख) **"श्रमिक"** भन्नाले नेपाल भित्रका स्वास्थकमी रोजगारसँग सम्बन्धि भई शारीरिक र मानसिक रुपले काम गरी पारिश्रमिक अथवा ज्यालादारी गर्ने कामदार कर्मचारीलाई सम्झनु पर्दछ ।

ग) **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"** भन्नाले यस विधानको दफा ३ (क) बमोजीम स्थापना भएको संगठनलाई सम्झनु पर्दछ ।

घ) **"संगठन"** भन्नाले **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"** लाई सम्झनु पर्दछ ।

ङ) **"पदाधिकारी"** भन्नाले कार्य समितिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

च) **"कार्यसमिति"** भन्नाले **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"**को जिल्ला, प्रदेश र केन्द्रीय समितिलाई सम्झनु पर्दछ ।

छ) **"अधिवेशन"** भन्नाले **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"**को जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशनलाई सम्झनु पर्दछ ।

ज) **"परिषद्"** भन्नाले **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"**को जिल्ला प्रदेश र केन्द्रीय परिषद्लाई सम्झनु पर्दछ ।

झ) **"विधान अधिवेशन"** भन्नाले यस विधानलाई पारित गर्ने प्रयोजनका लागि **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"** का केन्द्रीय तदर्थ समितिद्वारा बोलाइएको अधिवेशनलाई सम्झनु पर्दछ ।

ञ) **"तोकिए"** वा **तोकिए बमोजिम** भन्नाले यस विधानमा उल्लेखित विभिन्न दफा उपदफामा उल्लेख भएको वा यस विधानमा रही बनेका नियम विनियमहरुमा उल्लेख भएका कुराहरुलाई समेत जनाउँदछ ।

परिच्छेद-२

३. स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठनको स्थापना र कार्यालय :

क) **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"**नामको एक संगठन स्थापना हुनेछ ।

ख) **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"**को अंग्रेजीमा **Swotantra Garment Silai Sramik Sangthan** र छोटकरीमा **SGSSS** भनिने छ ।

ग) **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"**लाई छोटकरीमा **स्व.गा.सि.श्र.सं** र अंग्रेजीमा **SGSSS** हुनेछ ।

घ) **स्व.गा.सि.श्र.सं**को केन्द्रीय समितिको कार्यालय काठमाडौं उपत्यकामा भरि जिल्ला र प्रदेश समितिको कार्यालय सुविधा अनुसार रहनेछ ।

४."स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन" स्वशासित र संगठित संस्था हुने :

क) **स्व.गा.सि.श्र.सं** अविछिन्न उत्तराधिकारी वाला एक स्वशाषित र संगठित संस्था हुनेछ ।

ख) **स्व.गा.सि.श्र.सं** ले व्यक्ति सरह चल अचल सम्पत्ति प्रयोग गर्न, भोग गर्न धितो बन्धन राख्न, खरिद बिक्री गर्न र अन्य कुनै किसिमको उपभोग गर्न सक्नेछ ।

ग) **स्व.गा.सि.श्र.सं** ले आफ्नो नामबाट कसैउपर नालिस उजुर गर्न र कसैले यस उपर साही नामबाट नालिस उजुर गर्न सक्नेछ ।

घ) **स्व.गा.सि.श्र.सं** को काम कारवाहीको लागि अनुसूची १ मा व्यवस्था भए बमोजिमको एउटा छुट्टै छाप हुनेछ ।

ङ) **स्व.गा.सि.श्र.सं** को प्रतिक चिन्ह र झण्डा अनुसूचि २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

५) उद्देश्यहरु:

क) नेपालभर छरिएर रहेका यातायातका रोजगारसँग सम्बन्धि भई काम गर्ने श्रमिकहरुलाई संगठित गर्ने ।

ख) यातायातमा रोजगारका श्रमिकहरुको गेशागत हकहितको संरक्षण र सम्वर्द्धन गर्ने

ग) स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठनमा काम गर्ने श्रमिकहरुको स्वास्थ्य सुरक्षा र आर्थिक जीवनस्तर उकास्न सहकारी सचालन गरी क्रियाशिल रहने ।

घ) श्रमिक र व्यवस्थापनबीच पारस्परिक सम्बन्ध विकासमा सहयोग पुऱ्याउने ।

ङ) श्रमिकको वैधानिक मान्यताको लागि कार्यरत रहने ।

च) श्रमिकसंग सम्बन्धित कुराहरुमा श्रमिक वर्गको प्रतिनिधित्व गर्ने ।

छ) श्रम बजारको विस्तार गरी श्रम सम्बन्धि सूचनाहरु प्रवाह गर्ने ।

ज) समान लक्ष्य र सिद्धान्तका राष्ट्रिय, अन्तर्राष्ट्रिय संगठनहरुबीच भातृत्वपूर्ण सम्बन्धको विकास गर्ने ।

झ) रोजगार र रोजगारमूलक व्यवसायको वृद्धि गर्न र गराउन सरकारलाई दबाव दिने ।

ञ) श्रमिक र उनिहरुका परिवारको हित र कल्याणका निम्ति आवश्यक र उपयुक्त कार्यक्रमहरु संचालन गर्ने ।

ट) सामाजिक सुरक्षा, बालश्रम उन्मुलन र लैङ्गिक समानता लगायत विविध सामाजिक क्रियाकलापहरु गर्ने ।

ठ) यस संगठन कुनै नाफामुलक नभई गैरनाफा रहित हुने तथा श्रमिकहरुको सेवा मात्र गर्ने ।

६ सदस्यता प्राप्ति र शुल्क:

६.१ साधारण सदस्यता :

क) **"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"** र संगठनको विधान स्वीकार गरी आवेदन दिने सामान उद्देश्यका श्रमिकहरुबाट प्रवेश रु.५१/- र साधारण सदस्यता शुल्क वार्षिक रु.५१।- लिई सदस्यता प्रदान गर्न सक्नेछ ।

ख) "समाजवादी स्वतन्त्र ट्रेड युनियन महासघ नेपाल (SITUC)" को आवद्धता संघ भएकोले यस "स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक संगठन" "समाजवादी स्वतन्त्र ट्रेड युनियन महासघ नेपाल (SITUC)" नै संरक्षक रहनेछ र कार्यसमिति परिवर्तन गर्नु परेमा अधिवेशन गरि स.स्व.ट्रे.यु.म.नेपाल ले नै परिवर्तन गर्न सक्नेछ साथै संघमा कुनै पनि समस्या आइपरेमा महासंघले नै समस्याको समाधान गर्नेछ ।

६.२. मानार्थ सदस्य :

श्रमिकहरुको जीवन अवस्था एवं श्रमिक कल्याण सम्बन्धि अध्ययन, अनुशासन तथा त्यस सम्बन्धि कार्यमा आर्थिक तथा भौतिक रुपमा रुपमा विशेष योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई **स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठनको** केन्द्रिय समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

६.३. सदस्यता नविकरण :

क) दफा ६.१ (क) बमोजिम सदस्यता प्राप्त गर्ने सदस्यहरुको सदस्यताको म्याद प्रत्येक आषाढ मसान्त सम्म हुनेछ ।

ख) कुनै सदस्यले म्याद भित्र सदस्यता नविकरण नगराएमा केन्द्रिय समितिले सम्बन्धित सदस्यहरुलाई नविकरण म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण शुल्क बुझाउनु भनी आदेश गर्न सक्नेछ ।

ग) उपदफा (ग) बमोजिम निलम्बनमा परेका सदस्यहरुलाई **स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन**को कुनैपनि गतिविधिमा भाग लिन अधिकार हुने छैन ।

६.४ पदाधिकारीको आचरण :

"स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठन"को प्रत्येक पदाधिकारीले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।

क) **स्व.गा.सि.श्र.संको** हित र उद्देश्य अनुरुप काम कारवाहीमा भाग लिनुपर्ने ।

ख) **स्व.गा.सि.श्र.संको** गोपनियता कायम गर्नुपर्ने ।

ग) **स्व.गा.सि.श्र.संको** निर्णयहरुको पालना गर्नुपर्ने ।

घ) **स्व.गा.सि.श्र.संको** संवर्द्धन, सुदृढिकरण र उद्देश्य प्राप्तिमा सक्रिय रहनुपर्ने ।

६.५ आचरण विरुद्धको कारवाही :

स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक सगठनको कुनै पदाधिकारीको उपदफा (६.४) बमोजिमको आचरण पालना नगरेको पाइएमा सो सम्बन्धित समितिले बहुमतको निर्णयबाट स्पष्टिकरण, चेतावानी, नसिहत, निलम्बनको कारवाही गर्न सकिन्छ ।

परिच्छेद-३

७. स्व.गा.सि.श्र.संको स्वरुप :

७.१. स्व.गा.सि.श्र.संको संगठनात्मक स्वरुप देहाय बमोजिम हुनेछ ।

क) जिल्ला समिति
ख) प्रदेश समिति
ग) केन्द्रिय समिति

७.२ जिल्ला समिति :

जिल्ला अधिवेसनले आफु मध्येबाट निर्वाचन गरी अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव १, कोषाध्यक्ष १ र सदस्य ९ जना सम्म र अध्यक्षद्वारा मनोनित १ जना समेत गरी जम्मा १५ जना सम्मको जिल्ला समिति गठन गर्नेछ ।

७.३ प्रदेश समिति :

केन्द्रिय अधिवेशनमा ७ प्रदेशका आधारमा अधिवेशनद्वारा निर्वाचित उपाध्यक्षहरु प्रदेश समितिको अध्यक्ष रहनेछन् ।

७.४ केन्द्रिय समिति :

केन्द्रिय अधिवेशनले आफु मध्येबाट निर्वाचन गरी अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, प्रथम उपाध्यक्ष १, महिला उपाध्यक्ष १, प्रदेश उपाध्यक्ष ७, सचिव २, कोषाध्यक्ष १,सह-कोषाध्यक्ष १ र सदस्य ६ र समावेशी महिला (दलित, जनजाति, आदिवासी) ५, अध्यक्षद्वारा मनोनित २५ जना सम्मको समिति हुनेछ ।

७.५ पदावधि :

स्व.गा.सि.श्र.संको पदाधिकारीहरुको पदावधि निर्वाचन भएको मिति देखि ४ वर्षको हुनेछ ।

८. परिषद् :

८.१ जिल्ला परिषद् :

जिल्ला अधिवेशनका सदस्यहरु सम्मिलित भई प्रत्येक वर्षको एक पटक बस्ने बैठक नै जिल्ला परिषद् हो ।

८.२ क्षेत्रिय परिषद् :

निम्नानुसारको पदाधिकारी तथा प्रतिनिधिहरु सम्मिलित भई प्रत्येक वर्षको एक पटक बस्ने बैठक नै क्षेत्रिय परिषद् हो ।

क) प्रदेश समितिका पदाधिकारीहरु,

ख) जिल्ला समितिका पदाधिकारीहरु मध्येबाट १/१ जना,

ग) सम्बन्धित प्रदेशका केन्द्रिय अधिवेशन प्रतिनिधिहरु ।

८.३ केन्द्रिय परिषद् :

क) केन्द्रिय अधिवेशनको प्रत्येक २ वर्षमा बस्ने प्रतिनिधिहरुका बैठक नै केन्द्रिय परिषद् हो

ख) केन्द्रिय समितिका पदाधिकारीहरु केन्द्रिय परिषद्का पदेन सदस्य रहनेछन् ।

९. अधिवेशनको गठन :

९.१ जिल्ला अधिवेशन :

क) **स्व.गा.सि.श्र.संको** जिल्ला भरिका सम्पूर्ण सदस्यहरु जिल्ला अधिवेशन प्रतिनिधि हुनेछन् ।

ख) जिल्ला समितिले जिल्ला अधिवेशनका कुल सदस्य संख्याको १ प्रतिशतका दरले ट्रेड युनियन आन्दोलनमा समाहित भएका व्यक्तिहरु मध्येबाट मनोनित गरेको सदस्यहरु ।

९.२ केन्द्रिय अधिवेशन :

स्व.गा.सि.श्र.सं को केन्द्रिय अधिवेशनको गठन देहाय बमोजिम निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।

क) **स्व.गा.सि.श्र.सं** सँग आवद्ध केन्द्रिय संघको सदस्य संख्याको आधारमा देहाय बमोजिमको संख्यामा निर्वाचित भै आएका सदस्यहरु ।

१. २०० जना सम्ममा -१ जना

२. २०० देखि माथि प्रत्येक २०० सम्ममा थप १ जना

ख) **स्व.गा.सि.श्र.सं** का जिल्ला अध्यक्षहरु केन्द्रिय अधिवेशनमा पदेन प्रतिनिधी हुनेछन् तर केन्द्रिय समितिका पदाधिकारीको लागि उम्मेदवारी दिन पाउने छैनन् । प्रतिनिधि बन्न चाहेका उपदफा (क) र (ख) अवलम्बन गर्नुपर्नेछ ।

परिच्छेद-४

१०. परिषद् र अधिवेशन सम्बन्धि व्यवस्था :

१०.१ नियमित परिषद् र अधिवेशन सम्बन्धि व्यवस्था :

क) **स्व.गा.सि.श्र.सं को** अधिवेशन सम्बन्धित कार्य समितिले प्रत्येक ४ वर्षमा बोलाउनु पर्नेछ ।

ख) उपदफा (क) र (ख) बमोजिम परिषद् र अधिवेशन बोलाउँदा ठाउँ, मिति र छलफलका विषयहरु समेत उल्लेख गरी कम्तीमा ३० दिन अगावै सम्बन्धित सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

ग) सम्बन्धित परिषद् वा अधिवेशनका कम्तीमा ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद् वा अधिवेशनको गणपूरक संख्या पुगेको मानिनेछ ।

१०.२ आकस्मिक वा विशेष अधिवेशन सम्बन्धि व्यवस्था :

क) **स्व.गा.सि.श्र.संको** सम्वन्धित अधिवेशनमा वा परिषदका कम्तीमा २५ प्रतिशत सदस्यहरुले यथाथर्ग कारण खुलाई लिखित रुपमा विशेष परिषदका कम्तीमा २५ प्रतिशत सदस्यहरुले यथार्थ कारण खुलाई लिखित रुपमा विशेष परिषद् वा अधिवेशन बोलाउन सम्बन्धित कार्य समितिलाई अनुरोध गरेमा एक महिना भित्रमा विशेष वा आकस्मिक अधिवेशन वा परिषद् बोलाउनु पर्नेछ ।

११. छलफल र निर्णय :

क) अधिवेशन वा परिषदको अध्यक्षमा सम्बन्धित कार्य समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा सम्बन्धित कार्यसमितिका सदस्यहरुले आफु मध्येबाट छानेको जेठो सदस्यले अध्यक्षता गर्नेछ ।

ख) अधिवेशन वा परिषद्मा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ ।

ग) छलफलको क्रममा गोप्य वा खुला मतदान हुँदा उपस्थिति भई मतदान गर्ने सदस्यहरुको बहुमत प्राप्त रायलाई अधिवेशन वा परिषद्को निर्णय मानिनेछ । मत बराबर हुन गएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

१२. माइन्यूट राख्नु पर्ने :

अधिवेशन वा परिषद्मा भएका काम कारवाहीको विषयमा एउटा माइन्यूट तयार गरी अध्यक्षता गर्ने व्यक्ति र अधिवेशनमा उपस्थित कम्तीमा दुई जना सदस्यहरुद्वारा प्रमाणित गराई सम्बन्धित कार्य समितिका महा-सचिव वा सचिवले अध्यावधिक गराई राख्नुपर्नेछ ।

१३. निर्णयको जानकारी दिनुपर्ने :

स्व.गा.सि.श्र.संको प्रत्येक परिषद् वा अधिवेशनमा भएका निर्णयहरुको जानकारी र **स्व.गा.सि.श्र.सं** मार्फत साधारण सदस्यहरुलाई दिनुपर्नेछ ।

१४. अधिवेशन र परिषद्मा पेश गरिने विषयहरु :

१४.१ अधिवेशन र परिषद्मा पेश गरिने विषयहरु

क) वार्षिक कार्यक्रम
ख) वार्षिक कार्यक्रम
ग) वार्षिक बजेट
घ) लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक
ङ) लेखा परिक्षणको प्रतिवेदन
च) कर्मचारीको दरबन्दी श्रृजना र निजको पारिश्रमिक, सुविधा एवं सेवाका शर्तहरु तोक्ने ।
छ) अन्य आवशयक विषयहरु

१४.२ स्व.गा.सि.श्र.संको विधान संशोधनको प्रस्ताव केन्द्रिय अधिवेशनमा मात्र पेश गरिनेछ ।

१४.३ स्व.गा.सि.श्र.संको विधान बनाइने विनियम सम्बन्धि प्रस्ताव केन्द्रिया परिषद् वा अधिवेशनमा मात्र पेश गरिनेछ ।

१५. कार्य समितिको बैठक र निर्णय :

क) **स्व.गा.सि.श्र.सं को** केन्द्रिय समितिको बैठक कम्तीमा ३ महिनामा र जिल्ला समितिको बैठक कम्तीमा १ महिनामा एक पटक बस्नेछ । तर अध्यक्षले आवश्यकता महसुस गरेमा जुनसुकै समयमा पनि आकस्मिक बैठक बोलाउन सक्नेछ ।

ख) कार्य समितिको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा कारण खोली बैठक बोलाउन अध्यक्ष समक्ष अनुरोध गरेमा केन्द्रिय समितिको हकमा ३० दिन र जिल्ला समितिको हकमा १५ दिन भित्र अनिवार्य रुपमा बैठक बोलाउनु पर्नेछ ।

ग) बैठकको अध्यक्षता सम्बन्धित समितिका अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा उपाध्यक्षले र दुबै जनाको अनुपस्थितिमा सदस्यहरुले आफु मध्येबाट छानेको जेठो सदस्यले अध्यक्षता गर्नेछ ।

घ) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

ङ) सम्बन्धित समितिका पदाधिकारी एवं सदस्यहरुलाई निर्णयको जानकारी सचिवले अनिवार्य रुपमा गराउनु पर्नेछ ।

च) बैठक सम्बन्धि अन्य कार्यविधि कार्य समिति आफैँले निर्धारण गर्न सक्नेछ ।

परिच्छेद -५

१६.अधिवेशन, परिषद् र समितिको काम, कर्तव्य र अधिकार

१६.१ जिल्ला परिषद्, प्रदेश परिषद् र केन्द्रिय परिषद्:

क) कार्य समितिले एक वर्षमा गरेका काम कारवाहीको वार्षिक मूल्यांकन गर्ने ।

ख) कार्य समितिले पेश गरेको कार्यक्रम तथा वार्षिक बजेट माथि छलफल गरी स्वीकृत गर्ने र आगामि वर्षको लागि कार्यक्रम स्वीकृत गर्ने ।

ग) लेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर छलफल र निर्णय गर्ने ।

घ) नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार विमर्श र निर्णय गर्ने ।

ङ) आन्तरिक कार्य व्यवस्थापनको लागि नीति निर्धारण गर्ने ।

१६.२ जिल्ला अधिवेशन तथा केन्द्रिय अधिवेशन :

क) समितिले गरेको काम कारवाहीको मूल्यांकन गर्ने ।

ख) **स्व.गा.सि.श्र.संको** भावी कार्यक्रमको तर्जुम गर्ने ।

ग) समितिको प्रतिवेदन, कार्यक्रम र लेखापरीक्षण गरिएको वार्षिक आय व्ययको हिसाब उपर छलफल गर्ने, निर्णय दिने र आगामि वर्षको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

घ) नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार विमर्श गर्ने र निर्णय गर्ने ।

ङ) समिति र परिषदद्वारा विमर्श हुनुपर्ने भनी प्रस्तुत गरेका अन्य प्रस्तावहरुमा छलफल र निर्णय गर्ने ।

च) समितिको निर्वाचन गर्ने ।

छ) **स्व.गा.सि.श्र.सं** सँग आवद्ध प्रक्रिया पूरा गरेका केन्द्रिय संघलाई सदस्यता प्रदान गर्ने ।

ज) **स्व.गा.सि.श्र.सं को** सर्वोच्च अंग केन्द्रिय अधिवेशन हुनेहुँदा मातहतका समितिमा उठेका कुनै पनि प्रश्नको समाधान गर्ने ।

झ) विधान संशोधने गर्ने ।

ञ) अधिवेशनमा उठेका कुनै पनि प्रश्नमा मत दिने अधिकार अधिवेशनका प्रतिनिधि सदस्यहरुलाई मात्र रहनेछ ।

१६.३ जिल्ला समिति :

क) जिल्ला अधिवेशनले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख) जिल्ला परिषद्को आयोजना गर्ने र परिषद्द्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

ग) मातहतका समितिहरु बीच श्रमिक ऐक्यवद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

घ) **स्व.गा.सि.श्र.सं** नीति, निर्देशनहरु अवगत गराउने ।

ङ) सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च) **स्व.गा.सि.श्र.सं को** विधान र नीतिको अधिनमा रही जिल्ला कोष अधिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

छ) दीर्घकालिन र अल्पकालिन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

ज) सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

झ) श्रमिकहरुको व्यक्तिगत वा सामुहिक सौदाबाजी गर्नु पर्दा आवश्यकता हेरी ५ जनासम्म वार्ताकारहरुका व्यवस्थ ागर्ने ।

ञ) आवश्यकता अनुसार विविध कार्यक्रम संचालन गर्न जिल्ला अधिवेशनले तय गरेको विभागहरु खडा गरी नियुक्त भएका विभागिय निर्देशकहरुको काम कारवाही तथा पदावधि तोक्ने ।

ट) लेखा परिक्षकको नियुक्ति गर्ने ।

ठ) दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

ड) विधान विपरित काम गर्ने पदाधिकारी उपर सफाइको उचित मौका प्रदान गरी अनुशासनको कारवाही गर्ने ।

ढ) समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने

ण) समितिको निर्वाचनका लागि निर्वाचन समितिको गठन गर्ने ।

१६.४ प्रदेश समिति :

क) प्रदेश परिषद्ले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख) प्रदेश परिषद्को आयोजना गर्ने

ग) मातहतका समितिहरु बीच श्रमिक ऐक्यवद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

घ) **स्व.गा.सि.श्र.सं** नीति, निर्देशनहरु अवगत गराउने ।

ङ) सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च) **स्व.गा.सि.श्र.संको** विधान र नीतिको अधिनमा रही जिल्ला कोष अधिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

छ) दीर्घकालिन र अल्पकालिन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

ज) सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

झ) श्रमिकहरुको व्यक्तिगत वा सामुहिक सौदावाजी गर्नु पर्दा आवश्यकता हेरी ५ जनासम्म वार्ताकारहरुका व्यवस्था गर्ने ।

ञ) आवश्यकता अनुसार विविध कार्यक्रम संचालन गर्न प्रदेश परिषद्ले तय गरेको विभागहरु खडा गरी नियुक्त भएका विभागिय निर्देशकहरुको काम कारवाही तथा पदावधि तोक्ने ।

ट) लेखा परिक्षकको नियुक्ति गर्ने ।

ठ) दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

ड) विधान विपरित काम गर्ने पदाधिकारी उपर सफाइको उचित मौका प्रदान गरी अनुशासनको कारवाही गर्ने ।

ढ) समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने

१६.५ केन्द्रिय समिति :

क) केन्द्रिय अधिवेशनले पारित गरेका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख) केन्द्रिय परिषद्ले बैठकको आयोजना गर्ने र परिषद्द्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

ग) केन्द्रिय परिषद्ले पारित गरेका प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

घ) लेखा परिक्षक नियुक्त गर्ने ।

ङ) सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च) कोष अधिवृद्धिका लागि आर्थिक कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गराउने ।

छ) **स्व.गा.सि.श्र.संको** विधान विपरित कार्य गर्ने सदस्य उपर जिल्ला समितिले गरेका अनुशासनको कार्यवाहीमा चित्त नधुभ्की कार्यवाहिमा परेका सदस्यले केन्द्रिय समितिमा उजुरी गरेमा सो उपर अन्तिम निर्णय दिने ।

ज) आवश्यकता अनुसार केन्द्रिय समितिको काम कारवाहीलाई सुचारु रुपले संचालन गर्न कर्मचारीहरुको नियुक्ति गर्ने ।

झ) संस्थागत बैठक तथा कार्य सम्पादनका लागि कार्यविधिको निर्धारण गर्ने ।

ञ) सांगठनिक तथा अन्य रचनात्मक कार्यहरु संचालन गर्न आवश्यकता अनुसार उपसमितिको गठन गर्ने र त्यसरी गठित उपसमितिको कार्याविधि तोक्ने ।

ट) व्यक्तिगत वा सामुहिक सौदाबाजी गर्नु परेका अवस्थामा इकाइ, र गार्मेन्ट तथा सिलाईको तर्फवाट वार्ताकारको भूमिका निर्वाह गर्ने ।

ठ) आगामि आर्थिक वर्षको बजेट विवरण केन्द्रिय परिषद्मा पेस गर्ने ।

ड) लेखा परिक्षकको प्रतिवेदन परिषद्मा पेश गर्ने ।

ढ) आवश्यकता अनुसार विभागहरु तथा कर्मचारीहरुको दरबन्दीको विवरण परिषद्को बैठकमा पेश गर्ने ।

ण) परिषद्को बैठकबाट स्वीकृत विभागहरु संचालन गर्ने ।

त) पदाधिकारीको राजिनामा स्वीकृत गर्ने ।

थ) केन्द्रिय वा अर्न्तकेन्द्रिय सभा, सेमिनार र तालिममा प्रतिनिधि पठाउने ।

द) दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

परिच्छेद-६

१७. पदाधिकारीको काम, कर्तव्य र अधिकार :

१७.१ अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) **स्व.गा.सि.श्र.संको** सम्पूर्ण कार्यको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने ।

ख) सम्बन्धित सम्मेलन, परिषद्, अधिवेशन र समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) मत बराबर भएमा निर्णयक मत दिने ।

घ) **स्व.गा.सि.श्र.सं** को हितका लागि नेतृत्व प्रदान गर्ने ।

ङ) सम्बन्धित समितिले गरेको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

च) आगामि बैठक बस्नु भन्दा अगावै कार्य समितिले गर्ने भनेको काम गर्नु आवश्यक भएमा पछि बैठकमा निर्णय गराउने गरी काम गर्ने गराउने ।

छ) **स्व.गा.सि.श्र.संको** उद्देश्य प्राप्तिका लागि अन्य कार्यहरु गर्ने गराउने ।

ज) सम्बन्धित समितिका सदस्यको राजिनामा स्वीकृत गर्ने ।

झ) उपयुक्त निति र नियम तर्जुमा गराई परियोजनाहरु कार्यान्वयन गराउने निर्देशन दिने ।

ञ) कार्यसमितिका सदस्यहरुको मनोनित गर्ने ।

ट) आवश्यक देखेमा मिति, स्थान, समय तोकि समितिको हकमा सचिवले बैठक बोलाउने ।

ठ) समितिको बैठकबाट अनुमोदन गराउने गरी भैपरि आउने कार्यको लागि केन्द्रिय समितिका अध्यक्षले रु १०,०००।- र जिल्ला समितिका अध्यक्षले बढीमा रु. ५,०००।-सम्म रकम खर्च गर्ने ।

१७.२ वरिष्ठ उपाध्यक्ष :

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने ।

ख) अध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने ।

ग) यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक काम गर्ने ।

घ) समितिले तोकेको अन्य काम गर्ने ।

१७.३ प्रथम उपाध्यक्ष तथा महिला उपाध्यक्ष

क) वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा प्रथम उपाध्यक्षले, प्रथम उपाध्यक्षको अनपस्थितिमा महिला उपाध्यक्षले सबै कार्यहरु गर्ने ।

ख) वरिष्ठ/प्रथम उपाध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने ।

ग) यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक काम गर्ने ।

घ) महिला उपाध्यक्षले महिला सम्बन्धि सम्पुर्ण कामहरु गर्ने ।

ङ) समितिले तोकेको अन्य काम गर्ने ।

१७.४ प्रदेश उपाध्यक्ष

क) **स्व.गा.सि.श्र.सं** उद्देश्य प्राप्तिको निम्ति आवश्यक कार्यहरु गर्ने ।

ख) **स्व.गा.सि.श्र.सं** केन्द्रिय समितिले प्रत्यायोजन गरेका अधिकार भित्ररही विभिन्न काम गर्ने ।

ग) **स्व.गा.सि.श्र.संका** सदस्यहरु बिच समन्वय गरि केन्द्रिय समितिको निति निर्णय कार्यान्वयन गर्न र सांगठनिक सुदृढिकरणको कार्यमा प्रयत्नशिल रहने ।

घ) प्रदेश समितिको नेतृत्व गर्ने ।

१७.५ कन्द्रिय/प्रदेश समितिका सचिव र जिल्ला समितिका सचिवको काम, कर्तव्य र अधिकार

क) **स्व.गा.सि.श्र.सं** दैनिक कार्य सुचारुपले संचालन गर्न मातहतका समितिलाई निर्देशन दिने ।

ख) अध्यक्षको परामर्श लिई बैठक बोलाउने तथा बैठकको लागि प्रस्ताव तयार गर्ने ।

ग) अध्यक्षको परामर्श लिइ **स्व.गा.सि.श्र.संको** वार्षिक योजना तर्जुमा गर्ने गराउने तथा पारित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

घ) महासचिवले जिल्ला समितिमा भएका काम कारवाहीको सुपरिवेक्षण र मूल्यांकन गर्ने ।

ङ) **स्व.गा.सि.श्र.संको** चल, अचल सम्पत्तिको विवरण अध्यावधिक राख्ने ।

च) **स्व.गा.सि.श्र.संको** कामको लागि पछि बैठकबाट अनुमोदन गराउने गरी केन्द्रिय समितिका सचिवले बढीमा रु.५,०००।- र जिल्ला समितिका सचिवले बढीमा रु.२,०००।- सम्म खर्च गर्न सक्ने ।

छ) विभिन्न समितिहरुमा पत्र व्यवहार गर्ने ।

ज) सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने व्यवस्था मिलाउने ।

झ) सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने, गउाने ।

१७.६ केन्द्रिय समिति/प्रदेश समिति र जिल्ला कोषाध्याक्षको काम, कर्तव्य अधिकार :

क) **स्व.गा.सि.श्र.संको** आर्थिक कारोबार तथा भौतिक सम्पत्तिको रखदेख नियन्त्रण र बन्दोबस्त गर्ने ।

ख) **स्व.गा.सि.श्र.सं** को वार्षिक बजेट र त्यसको बाँडफाँड सम्बन्धि विवरण समितिको स्वीकृतिमा तयार गर्ने र अधिवेशन तथा परिषद्मा पेश गरी स्वीकृति गराउने ।

ग) **स्व.गा.सि.श्र.संको** रकम, दैदस्तुर आदि असुल उपर गर्ने, गराउने ।

घ) **स्व.गा.सि.श्र.सं** को आर्थिक सुदृढिकरणका लागि विभिन्न योजना तर्जुमा गर्ने ।

ङ) मातहतको समितिको आर्थिक स्थितिको निरीक्षण गर्ने, गराउने ।

च) आर्थिक कारोवारहरुको लेखा परीक्षण गराउने ।

छ) समितिले तोकेको अन्य आवश्यक कार्यहरु गर्ने ।

१७.७ सदस्यहरुको काम, कर्तव्य र अधिकार :

क) समितिको बैठकमा नियमित रुपमा भाग लिने ।

ख) समितिको निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

ग) समितिको विविध कार्यमा सहयोग पुऱ्याउने ।

परिच्छद - ७

१८ पदको रिक्तता र पूर्ति सम्बन्धि व्यवस्था

१८.१ पद रिक्त हुने :

यस विधानमा अन्यत्र जे सुकै लेखिएको भएतापनि देहायको अवस्थामा जिल्ला समिति जिल्ला परिषद् कन्द्रिय समिति केन्द्रिय परिषद् र अधिवेशनका पद एवं प्रतिनिधित्व समाप्त तथा रिक्त हुनेछ ।

क) संघमा सदस्यता तथा प्रतिनिधित्व कायम नरहेमा ।

ख) विधान बमोजिम पदबाट दिएको राजिनामा स्वीकृत भएमा

ग) लापरवाही साथ स्व.गा.सि.श्र.सं को अहित हुने वा यस विधानको उद्देश्य विपरित कम गरेको अर्थात यस विधानको उपदफा६.४ अनुसारको आचरण पालना नगरेमा ।

घ) मगज विग्रिएको प्रमाणित भएमा ।

ङ) मृत्यु भएमा

च) समितिको बैठक बस्ने सुचना पाएर पनि लगातार तिनपटकसम्म बिना सूचना समितिको बैठकमा अनुपस्थिति भएको कारणले समितिले निजलाई हटाउने निर्णय गरेमा । तर यसरी सदस्यता समाप्त गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइको सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

छ) एकवर्ष वा सो भन्दा बढी अवधिको लागि विदेश गएमा ।

ज) दफा ३७ बमोजिम महाअभियोग वा अविश्वासको प्रस्तावले हटाईएमा ।

झ) स्व.गा.सि.श्र.संको कुनै समितिको पदाधिकारी एकै समयमा सो भन्दा माथिल्लो समितिको पदाधिकारीमा निर्वाचित हुन गएमा स्वत: तल्लो समितिको पद रिक्त हुनेछ ।

१८.२ रिक्त पदको पूर्ति :

समितिको ५० प्रतिशत भन्दा बढी पद रिक्त हुन आएमा बाँकि पदाधिकारीले अधिवेशन बोलाई समितिको सम्पूर्ण पदाधिकारीहरुको बाँकि अवधिका लागि निर्वाचन गराउने छन् ।

तर एक वर्षभन्दा कम अवधि बाँकि रहेको अवस्थामा भने बाँकि रहेको पदाधिकारीहरुले नै कार्य संचालन गर्नेछन् ।

१९ निर्वाचन

क) **स्व.गा.सि.श्र.सं** को सबैतहको निर्वाचन गोप्य मतदान द्वारा हुनेछ ।

ख) **स्व.गा.सि.श्र.सं** को कार्य समितिको निर्वाचन प्रकृया तोकिए बमोजिम हुनेछ ।

ग) कुनैपनि समितिको निर्वाचन विनियम बमोजिम गठित निर्वाचन आयोगले गराउने छ ।

परिच्छेद-८

२०. आर्थिक व्यवस्था

२०.१ **स्व.गा.सि.श्र.सं** ले आफ्नो एउटा छुट्टै कोष रहनेछ । जसमा देहाय बमोजिमको रकमहरु रहनेछन् ।

क) सदस्यता शुल्क बापत उठेको रकम ।

ख) राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरहारी संघबाट प्राप्त अनुदान वा सहयोग रकम ।

ग) **स्व.गा.सि.श्र.सं** को लागि उठाइएको चन्दा रकम वा यसले आर्जेको अन्य रकम

घ) विभिन्न कार्यक्रमहरु संचालन गर्दा प्राप्त हुने रकम ।

२०.२ **स्व.गा.सि.श्र.सं** को सम्पूर्ण खर्च उपदफा २०.१ बमोजिमको कोषबाट बेहोरिनेछ ।

२०.३ **स्व.गा.सि.श्र.सं** को नामबाट बैंकमा एउटा खाता खोलिनेछ र यसको नाममा प्राप्त हुन आएको रकम सोही खातामा जम्मा गरिनेछ ।

२०.४ (क) उपदफा २०.३ बमोजिमको खाता संचालन केन्द्रिय समितिको हकमा अध्यक्ष वा सचिव र कोषाध्यक्ष, जिल्ला समितिको हकमा अध्यक्ष वा सविच र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट गरिने छ ।

ख) केन्द्रिय समिति तथा जिल्ला समितिको अध्यक्षको अनुपस्थितिमा मात्र महा-सचिव र सचिवले बैकिङ्ग कारोबार गर्नेछ ।

२१. लेखा र लेखा परिक्षण

२१.१ **स्व.गा.सि.श्र.सं** को आर्थिक कारोवारको लेखा दोहोरो लेखा प्रणाली बमोजिम राखिनेछ ।

२१.२ प्रत्येक वर्ष नेपाल सरकारद्वारा स्वीकृत प्राप्त लेखा परिक्षकद्वारा **स्व.गा.सि.श्र.सं**को आर्थिक कारोवारको लेखा परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित अधिवेशन वा परिषदमा पेश गरिनेछ ।

२१.३ लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धित अधिवेशन वा परिषदले तोके बमोजिम हुनेछ ।

२१.४ स्व.गा.सि.श्र.सं को अर्थ सम्बन्धि अन्य व्यवस्था आर्थिक विनियममा तोकिए बमोजिम हुनेछ ।

२२. रकम बाँडफाँड

२२.१ स्व.गा.सि.श्र.सं को कुनै खास उद्देश्यका लागि उठाएको रकम बाँडफाँड सो रकम उठाउने निर्णय गर्ने समितिले निश्चित गरे बमोजिम हुनेछ ।

२२.२ सदस्यता शुल्क वापत उठेको रकम मध्ये ६० प्रतिशत रकम जिल्ला समितिले केन्द्रिय समितिमा पठाउनुपर्नेछ ।

परिच्छेद-९

२३. निष्पक्ष सुनुवाई

क) यसरी कुनै पनि पदाधिकारी एवं संघ विरुद्धको उजुरीमा सुनुवाई हुँदा निजलाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनुपर्नेछ ।

ख) उपदफा २४.१ (क) मा उल्लेख भए बमोजिमका उजुरीको सुनुवाई हुँदा स्व.गा.सि.श्र.संको कुनै समितिद्वारा गरिएको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित परिषद् वा अधिवेशनमा पुनरावेदन गर्न सकिनेछ ।

ग) निष्पक्ष सुनुवाई सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. विधानको संशोधन :

यस विधानमा लेखिएको कुनै कुरा संशोधन गर्न केन्द्रिय अधिवेशनमा उपस्थित सदस्य मध्ये दुई तिहाईको बहुमतले संशोधन प्रस्ताव पारित गरेको हुनुपर्दछ । तर प्रस्तावको मूल भावना विपरित संशोधन गरिने छैन ।

क) यस विधानमा भएका व्यवस्थाहरु प्रचलित कानुनसँग बाँझिन गएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

ख) संशोधन गरिएको विधान विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ ।

२५. विधानको व्याख्या:

यो विधान भएको अस्पष्टतामा केन्द्रिय समितिले गरेको निर्णय केन्द्रिय परिषदद्वारा अमान्य घोषित तथा संशोधन नभएसम्म अन्तिम तथा मान्य हुनेछ ।

क) यस विधानको अन्तिम व्याख्या गर्ने अधिकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई हुनेछ ।

२६. राजिनामा :

स्व.गा.सि.श्र.सं को कुनै अधिवेशन वा समितिका सदस्यले सम्बन्धित अध्यक्ष समक्ष र समितिका अध्यक्षले समितिका अपाध्यक्ष मार्फत् समितिमा राजिनामा दिन सक्नेछन् ।

२७) सल्लाहकार समिति :

स्व.गा.सि.श्र.सं को उद्देश्य पूर्तिमा केन्द्रिय/प्रदेश र जिल्ला समिति वा जिल्ला समितिलाई सल्लाह प्रदान गर्न सम्बन्धित समितिले बढीमा ५ जना सम्म सदस्य रहेको एक सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

२८. नियम बनाउने अधिकार

यस विधानको उद्देश्य पूरा गर्नको लागि केन्द्रिय परिषद् वा अधिवेशनले आवश्यक विनियम बनाउन सक्नेछ ।

२९. कर्मचारी सम्बन्धित व्यवस्था

२९.१ स्व.गा.सि.श्र.संको काम कारवाही सूचारु रुपले सचालन गर्नको लागि आवश्यकता अनुसार सम्बन्धित परिषद् वा अधिवेशनले निर्णय गरे अनुसार सम्बन्धित कार्य समितिले कर्मचारीहरुलाई नियुक्ति गर्न सक्नेछ ।

२९.२ उपदफा २९.१ बमोजिम नियुक्ति हुने कर्मचारिको पारिश्रमिक सुविधा एव सेवाको अन्य शर्तहरु सम्बन्धित परिषद् वा अधिवेशनले तोके बमोजिम हुनेछ ।

३०. दायित्व र सम्पत्ति सर्ने

३०.१ स्व.गा.सि.श्र.संको केन्द्रिय तदर्थ समिति र जिल्ला तदर्थ समितिहरुको जिम्मामा रहेको सम्पत्ति र दायित्व यो विधान प्रारम्भ भएपछि केन्द्रिय समिति र सम्बन्धित जिल्ला कार्यसमितिमा सर्नेछ ।

३०.२ यस संगठन विघटन भएमा सम्पर्ण चलअचल सम्पती आवद्धता महासंघ संरक्षक भएकोले महासंघमा रहनेछ र महासंघ पनि विघटन भएमा नेपाल सरकारको मातहतमा रहनेछ ।

३१. पदाधिकारीहरुको लागि योग्यता

३१.१ क) स्व.गा.सि.श्र.सं सँग आवद्ध सघको सदस्यता कायम रहेको हुनुपर्ने

ख) नेपाली नागरिक हुनुपर्ने ।

ग) सम्बन्धित संघको सदस्यता लिएको एक वर्ष पुरा भएको हुनुपर्ने तर यस विधान बमोजिम हुने पहिलो समितिको निर्वाचनमा यो बन्देज लागु हुनेछैन ।

३१.२ यस विधानमा अन्यत्र जे सुकै कुरा लेखिएको भएता पनि दफा १० (ख) को हकमा विधानको दफा १९.१ र ३५ (क), (ग) लागु हुनेछैन ।

३२. सक्रमणकालिन व्यवस्था

क) यस विधान बमोजिम **स्व.गा.सि.श्र.सं** को हुने पहिलो अधिवेशनको पहिलो बैठकमा प्रतिनिधित्व गर्न कुनै केन्द्रिय संघका सदस्यहरुले कम्तीमा ३ महिनाको आ आफ्नो सदस्यता शुल्क बुझाएको हुनुपर्ने छ ।

ख) यो विधान लागु हुनुभन्दा अगाडि गठित **स्व.गा.सि.श्र.सं.** को केन्द्रिय समिति र जिल्ला तदर्थ समितिले गरेको काम कारवाही यसै विधान बमोजिम गरे सरह मान्य हुनेछ ।

३३. सपथ

स्व.गा.सि.श्र.सं को विभिन्न समितिका अध्यक्षले सम्बन्धित निर्वाचन समितिका अध्यक्ष समक्ष र अन्य पदाधिकारी एवं सदस्यले आ-आफ्नो समितिको अध्यक्ष समक्ष र केन्द्रिय अधिवेशनका सदस्यहरुले केन्द्रिय समितिका अध्यक्ष समक्ष अनुसूचि ४ मा व्यवस्था भए बमोजिम सपथ लिनुपर्नेछ ।

३४ महाअभियोगको प्रस्ताव

कुनैपनि समितिका पदाधिकारीले स्व.गा.सि.श्र.सं को उद्देश्य विपरित काम गरेको प्रमाणित हुन आएमा त्यस्ता पदाधिकारीहरुलाई सम्बन्धित अधिवेशनको दुई तिहाई बहुमतले महाअभियोगको प्रस्तावद्वारा निष्काशन गर्न सक्नेछ ।

३५. अविश्वासको प्रस्ताव

कुनैपनि समितिका पदाधिकारीले स्व.गा.सि.श्र.सं को उद्देश्य तथा हित विपरित काम गरेको प्रमाणित भएका वा सक्षम नेतृत्व प्रदान गर्न असमर्थ भएमा आकस्मिक वा विशेष अधिवेशनको बहुमतले अविश्वास प्रस्ताव पारित गरी पदबाट हटाउन सकिनेछ ।

अनुसूचि १

छाप दफा ४ (घ) सँग सम्बन्धित

स्व.गा.सि.श्र.सं को छाप आठ दात भएको गोला चक्र भित्र लुगा सिलाउदै गरेको कल सहितको चित्र भित्र **स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक** संगठन भित्र तल केन्द्रिय समिति उल्लेखित भएको र २०७८ अंकित छाप हुनेछ ।

अनुसूचि-२

प्रतिक चिन्ह दफा ४ (ङ) सँग सम्बन्धित

स्व.गा.सि.श्र.सं को छाप आठ दात भएको गोला चक्र भित्र लुगा सिलाउदै गरेको कल सहितको चित्र भित्र **स्वतन्त्र गार्मेन्ट सिलाई** श्रमिक संगठनको अक्षर भित्र तल केन्द्रिय समिति उल्लेखित भएको र २०७८ अंकित चिन्ह नै प्रतिक हुनेछ ।

अनुसूचि ३

झण्डा दफा ४ (ङ) सँग सम्बन्धित

स्व.गा.सि.श्र.सं को **झण्डा चार** कुने रातो रंगको हुनेछ जसमा आठ दात भएको गोला चक्र भित्र लुगा सिलाउदै गरेको **कल सहितको** चित्र सहितको **स्व.गा.सि.श्र.सं** अंकित चित्र हुनेछ ।

अनुसूचि ४

सपथ दफा ३३ सँग सम्बन्धित

म.....**(नाम) स्व.गा.सि.श्र.सं को** जिल्ला अधिवेशन/केन्द्रिय अधिवेशन र जिल्लासमिति/केन्द्रिय **समितिको** (पद) ..... ईश्वरको नाममा सत्य निष्ठापूर्वक यो सपथ लिल्छु कि, **मैले** जाने बुझे सम्म कसैको मोलाहिजा, दवाब र करकापमा नपरी **स्व.गा.सि.श्र.संको गोपनियताको** प्रकाश नगरी सधै भरी निस्वार्थ पूर्वक यो संस्थाको उद्देश्य पूर्ति र निरन्तर सुदृढताको लागि **सामर्थ्यले** भ्याए सम्म हस्ताक्षरले सेवारत रहनेछु ।

लोगो र झण्डा:-

काठमाडौं महानगरपालिका
ँ मद्दानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, ३ नं. प्रदेश, नेपाल

काठमाडौं महानगरपालिका
८ नं. वडा कार्यालय
जयबागेश्वरी, काठमाडौं

संस्थाको छाप वा फोटो

गैर नाफामुलक संस्था दर्ता प्रमाणपत्र

दर्ता मिति २०८३।०६।१९

प्रमाण पत्र नं. ०००००१२१

(१) संस्थाको नाम : स्वतन्त्र गार्मेन्ट श्रमिक संगठन

ठेगाना : वा.नि.प.८, जयबागेश्वरी

स्वदेशी/विदेशी : स्वदेशी

विषयगत क्षेत्र : २११६-२ व्यवसायिक संगठनहरू (ट्रेड युनियन)

संस्थाको कारोवार शुरु भएको मिति : २०८३।०६।१६

ई-मेल : ..... सम्पर्क फोन नं. : .....

(२) संचालक/अध्यक्ष/मुख्य व्यक्तिको नाम, थर : श्री सुरेश कुमार भट्टराई

ठेगाना : वा.नि.प.८ गोठेघर

ई-मेल : ..... सम्पर्क फोन नं. : ९८४२०४६६९९

(३) बहालमा बसेको भए घरधनीको नाम, थर : जितेन्द्र वैद्य

ठेगाना : वा.नि.प.८, जयबागेश्वरी

ई-मेल : ..... सम्पर्क फोन नं. : .....

पेश गर्ने

प्रमाणित गर्ने

अन्य निकायबाट स्वीकृत वा इजाजत लिनु पर्ने भए लिनु पर्ने छ। साथै यो प्रमाण पत्र सालवसाली नविकरण गर्नु पर्नेछ।

०८-३१-०६२९

नवीकरण

प्रमाण पत्र नं. :

संस्थाको नाम : स्वतन्त्र अर्थेन्स तिलाई ग्रामीण सिञ्चाई

आ.व.	मिति	र.नं./भौ.नं.	रकम	दस्तखत	कैफियत
२०८२/२०८४	२०८२/६/१६	३८६८८	४००।		२०८४ ३.५

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग



स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

दर्ता मिति

आयकर: २१ (दिन) ०६ (महिना) २०८३ (साल)

स्थायी लेखा नम्बर : ६ २ ५ २ ० ३ ५ २ ५

आन्तरिक राजस्व कार्यालय : आन्तरिक राजस्व कार्यालय बत्तीसपुतली

आयकर मात्र

कारोबारको नाम : स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक संगठन

करदाताको प्रकार : मुनाफा वितरण नगर्ने कम्पनी

ठेगाना : वार्ड नं. ८, जयबागेश्वरी महानगरपालिका: काठमाडौं, काठमाडौं

व्यवसायका कारोबारहरु : सामाजिक सुरक्षाबाहेकका स्वास्थ्य हेरचाह, शिक्षा, सांस्कृतिक सेवा तथा अन्य सामाजिक सेवाहरू प्रदान गर्ने क्रियाकलापहरूको सञ्चालन,

करदाताको दस्तखत

आधिकारिक दस्तखत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरू:

- कारोवार गर्दा अनिवार्य रूपमा बिल बिजक जारी गर्नुपर्छ।
- मू.अ. करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा त्रैमासिक वा चौमासिक) समाप्त भएको २५ दिन भित्र मू.अ. कर विवरण तथा मू.अ. कर रकम बुझाउनु पर्छ।
- अन्तःशुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र मास्केवारी र अन्तःशुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षको आय विवरण आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र बुझाउनु पर्छ।
- तोकिएको समयमा विवरण र कर रकम नबुझाएमा ब्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाण पत्र देखिने गरी कारोवार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नु होला।

नेपाल सरकार

अनुसुची–४

श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

ट्रेड यूनियन संघ दर्ताको प्रमाण-पत्र

दर्ता प्रमाण–पत्र नं. ४२३

स्वतन्त्र गार्मेन्ट सिलाई श्रमिक संगठन ..... ट्रेड यूनियन संघलाई ट्रेड यूनियन ऐन २०४९ (पहिलो संसोधन २०५५) को दफा ४ को उपदफा ४ बमोजिम दर्ता गरी ट्रेड यूनियन नियमावली, २०५० को नियम ६ बमोजिम यो दर्ताको प्रमाण–पत्र दिइएको छ ।

२०८०/१२/२०

पञ्जिकाधिकारीको दस्तखत

पञ्जीकाधिकारी

नोट : ट्रेड युनियन ऐन, २०४९ (पहिलो संसोधन २०५५) को दफा ४ को उपदफा ९ बमोजिम ।

स्वतन्त्र गारमेन्ट सिलाई उद्योग सञ्चालन

जारी मिति	म्याद समाप्त हुने मिति	नविकरण मिति	नविकरण गर्ने अधिकृतको दस्तखत	कैफियत
२०८२/१२/१७	२०८३/१२/१३			नयाँ दर्ता
	२०८६/१२/१४	२०८२/१२/२	२०८२।१२।१२ पञ्जिकाधिकारी	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेपाल सरकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग बबरमहल, काठमाडौं